स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'पूर्णबहादुरको सारङ्गी'को अनपेक्षित व्यावसायिक सफलतापछि यसका मुख्य पात्र पूर्णे अर्थात् विजय बराल अहिलेका उच्च 'डिमान्ड' भएका अभिनेता बनेका छन् । गएको २ महिनामा मात्र उनलाई एक दर्जन फिल्मको प्रस्ताव पुगिसकेको जनाइएको छ । उनले पारिश्रमिक पनि झन्डै १० गुणा वृद्धि गरेको व्यापक चर्चा छ । अब केही महिना फिल्मबाट विश्राम लिने सोचमा रहेका विजयले यो बीचमा 'हरि हजुरबा' नामक नाटकमा अभिनय गर्ने भएका छन् ।

**आजको विचार...**



संघीयतामा... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

हास्य कलाकारको छवि बनाएका जितु नेपाल पछिल्लो समय ठूलो पर्दामा राम्रै छाइरहेका छन् । गत दसैंमा उनको मुख्य भूमिका रहेको फिल्म 'ज्वाइँ साब'आएको थियो । यो पुस २६ मा भने उनी अभिनित 'कार्साङ' प्रदर्शनमा आउँदैछ ।'कार्साङ' जितुको दयाहाङको साथीको भूमिका रहेको टिजरले प्रष्ट पारिसकेको छ । उनी यो चलचित्रमा दलित समुदायको पात्रमा रहेको निर्माणपक्षले सार्वजनिक गरेको पोस्टरबाट अनुमान लगाउन सकिन्छ । बच्चा नभएको दोस एकले अर्कोलाई लगाइरहेको रहस्य यसको टिजरले खोलिसकेको छ ।



❒ वर्ष ३० ❒ अंक १४३ ❒ २०८१ पौष १ गते सोमबार 16 December 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बुर्किना आक्रमणमा ३९ को मृत्यु

(रासस/सिन्ह्वा)

**नाइजर,** मंसिर ३०/बुर्किना फासोको सीमा नजिकै पश्चिमी नाइजरमा हालैका दिनमा भएका दुई आक्रमणमा परी ३९ जनाको मृत्यु भएको नियामीको रक्षा मन्त्रालयले जनाएको छ । 'लिबिरी र कोकोरोउ समुदायमा दुई भयानक आक्रमण भएका छन् । रक्षा र सुरक्षा बलहरूको निरन्तर अपरेसनबाट घेरिएका अपराधीहरूले रक्षाविहीन नागरिकहरूमाथि आक्रमण गर्दा ३९ जनाको मृत्यु भएको छ,' रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'बर्बर आक्रमणमा लिबिरीमा २१ जना र कोकोरोउका बालबालिकासहित १८ जनाको मृत्यु भएको मन्त्रालयले पुष्टि गरेको छ । उक्त सशस्त्र आक्रमणमा डिसेम्बर १२ देखि १४ सम्म चलेको विज्ञप्तिमा उल्लेख गरिएको छ । हालैका दिनहरूमा विशेष गरी रक्तपातपूर्ण जिहादी आक्रमणहरूको शिकार भएका यी समुदायहरू तेरा सीमा क्षेत्रमा अवस्थित छन् । यस क्षेत्रलाई सशस्त्र जिहादी लडाकू समूहको आश्रयस्थल मानिन्छ । मंगलबारको आक्रमणमा ९० देखि १०० जनाको मृत्यु भएको जनाएको छ ।

# गुणस्तरीय शिक्षालाई प्राथमिकता दिएर काम गरेका छौं : मन्त्री तिमिल्सिना

रामचन्द्र रायमाझी

**पाल्पा,** मंसिर ३०/लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले गुणस्तरीय शिक्षालाई प्राथमिकता दिएर मन्त्रालयले काम गरेको बताएका छन् । आइतबार नेपाल प्रेस युनियन पाल्पा शाखाले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री तिमिल्सिनाले समृद्धिको आधार नै गुणस्तरीय शिक्षा भएकाले त्यसतर्फ आफुहरुको पहिलो प्राथमिकता रहेको बताएका हुन् ।

उनले शिक्षालाई कसरी गुणस्तरीय बनाउन सकिन्छ भनेर आफू निरन्तर लागेको उल्लेख गरे । मन्त्री तिमिल्सिनाले प्रदेशमा एसईईको नतिजा खस्कदो रहेकाले त्यसको सुधार आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले कार्यक्रम नै बनाएर अघि बढेको बताए । शिक्षामा सुधार नहुँदासम्म देशको आर्थिक विकास हुन नसक्ने भएकाले पहिलो प्राथमिकता नै गुणस्तरीय शिक्षा रहेको उनको भनाई छ । मन्त्री तिमिल्सिनाले




भने,'अब आर्थिक क्रान्तिको आन्दोलन आवश्यक छ, त्यसका लागि शिक्षामा व्यापक सुधार गर्न जरुरी छ ।' उनले प्रदेश भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउनुको साथै पहुँच भन्दा बाहिर रहेका विद्यालयलाई समेत पहिचान गरी प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताए । प्रदेश भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने न्युन आर्थिक स्तरका बालबालिकाहरुलाई सहज र गुणस्तर शिक्षा उपलब्ध गराउन मन्त्रालय लागि परेको उनले उल्लेख गरे । गुणस्तरीय शिक्षा प्रदान गर्दै रोजगारीको अवसर सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको समेत मन्त्री तिमिल्सिनाले बताए । 'अब विद्यालयमा राहत, निजी, शिक्षकहरु थपेर मात्रै काम छैन उनले भने,'गुणस्तरीयता हेर्नुपर्छ, रोजगारी सुनिश्चित गर्ने खालको शिक्षा अहिलेको आवश्यकता हो । विद्यालयहरु अब त्यसतर्फ केन्द्रीत हुन आवश्यक छ ।' पढ्दै गर्ने, सीप सिक्दै गर्ने र रोजगारी पनि दिने खालको शिक्षा अहिलेको आवश्यकता रहेको उनले बताए । मन्त्री तिमिल्सिनाले शिक्षा ऐन सुधार हुन नसक्दा केही समस्या भएकाले त्यो संशोधन गर्न जरुरी रहेको बताए । उनले संघीय शिक्षा ऐन संशोधन भएर आएमा प्रदेशमा पनि ऐन बनाउन बाटो खुला हुने बताए । बर्दिया क्षेत्र नम्बर २ को (क) बाट नेपाली काँग्रेसबाट निर्वाचित भएका तिमिल्सिना यस अघि लुम्बिनी प्रदेश, नेपाली काँग्रेस संसदीय दलमा प्रमुख सचेतकको भुमिकामा समेत रहेका थिए । कार्यक्रममा पत्रकारहरुले राखेका जिज्ञासाको मन्त्री तिमिल्सिनाले जवाफ दिएका थिए । युनियनकी जिल्ला सभापति मन गहिरेको अध्यक्षता, उपसभापति रामचन्द्र रायमाझीको स्वागत, सचिव विष्णु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पा जेसिजको अध्यक्षमा शाक्य



**पाल्पा,** मंसिर ३०/सामाजिक व्यक्तित्व तथा युवा व्यसायी जेसी विवेक काजी शाक्य पाल्पा जेसिजको अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । जेसिजको ४५ औं वार्षिक साधारण सभा तथा शाखा अधिवेशनले वर्ष २०२५ का लागि शाक्यलाई अध्यक्षमा चयन गरेको हो ।

यस अघि कानुनी सल्लाहाकारका रुपमा रहेका शाक्यको नेतृत्वमा नयाँ समिति चयन भएको जेसिज २०२४ का अध्यक्ष अर्जुन कार्कीले बताए । उनका अनुसार २०२४ का लागि कार्यकारिणी उपाध्यक्षमा जेसी विजय कार्की, जेसी सुनिल चापागाई, उपाध्यक्षमा जेसी कला दाहाल, जेसी बिक्रम सिंह, जेसी सुमन बस्याल, जेसी करन चित्रकार,सचिवमा जेसी प्रकाश कार्की र जनसम्पर्क अधिकारीमा जेसी दुष्यान्त भण्डारी चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष शाक्यले पाल्पा जेसीजले वर्ष २०२५ का लागि युवा लक्षित कार्यक्रममा केन्द्रीत भई कार्य गर्ने र स्थानीय, प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढ्ने बताए । उनले युवाहरूको मन मस्तिष्कमा बस्न र समाज परिवर्तनको लागि नयाँ र विशिष्ट कार्य योजनाको साथ काम गर्ने उल्लेख गरे ।

अध्यक्ष शाक्यले युवाहरूको साथ लिएर समाज, राष्ट्रको विकास र जेसीजको नयाँ उचाइलाई थप सशक्त पार्दै ईंट्टा थप्ने बताए ।

# बगनासकालीको चिलाङ्दीमा पाल्पा महोत्सव हुँदै, तयारी तीव्र

**पाल्पा,** मंसिर ३०/पाल्पाको बगनासकाली गाउँपालिका-१ चिलाङ्दीमा पाल्पा महोत्सव हुने भएको छ । कुटुम्ब मिडिया नेटवर्क प्रालिको आयोजना र बगनासकाली गाउँपालिकाको प्रवर्द्धनमा यहि पुस ९ गतेदेखी १८ गतेसम्म महोत्सव हुन लागेको हो ।

आयोजकले आइतबार पत्रकार सम्मेलन गरी महोत्सवबारे जानकारी गाराएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन, व्यापार एवं स्थानीय कलासंस्कृति तथा धार्मिक सांस्कृतिक महत्वलाई बढाउन महोत्सव गर्न लागिएको महोत्सव मूल समारोह समितिका संयोजक नारायण न्यौपानेले बताए । उनले महोत्सवको तयारी तीव्र पारिएको जानकारी गराए । बगनासकाली क्षेत्रमा गरिएको यो पहिलो र ठूलो महोत्सव भएकाले महोत्सवको व्यापक प्रचार-प्रसारमा सहयोग गरिदिन न्यौपानेले पत्रकारहरुलाई आग्रह गरे । महोत्सवमा फोटो ग्यालरी र स्थानीय कलासंस्कृति झ्याउरे, सोरठी, रत्यौली, बालन, भजन, कौरा, मारुनी, लाखे, पञ्चेवाजा, लोपोन्मुख कुमाल, बोटे लगायतको कलासंस्कृति प्रस्तुत गरिने संयोजक न्यौपानेले बताए । महोत्सवमा कृषि, घरेलु उद्यम, शिक्षा, प्रविधि र व्यापारका गरी १ सय ५० स्टल रहने उनको भनाई छ । महोत्सवको पहिलो दिन उद्घाटन




समारोहमा कल्चर एण्ड कन्ट्री विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

महोत्सवमा हरेक दिन राष्ट्रिय चर्चित कलाकारहरुको प्रस्तुतीसँगै स्थानीय कलाकार र कला केन्द्रहरुको प्रस्तुती रहने महोत्सव मूल समारोह समितिका सदस्य यज्ञमूर्ति तिमिल्सीनाले बताए । उनका अनुसार बगनासकाली डान्स आईडलमार्फत प्रतिभा पहिचान गरिनेछ । महोत्सव स्थलमा स्टलका रुपमा रहेका होटल तथा रेष्टुरेन्टमा स्थानीय दुनाटपरीको उपयोगलाई प्राथमिकता दिइने उनले बताए । महोत्सवमा स्थानीय किसानहरुबाट उत्पादित कृषि उत्पादनको प्रदर्शनी र कृषि उत्पादन शुलभ मूल्यमा खरिद विक्रीको व्यवस्था मिलाइनेछ ।

बगनासे साँचो, दुनाटपरी उद्योग, विद्यार्थीहरुवाट निर्मित शैक्षिक सामग्री प्रदर्शनको तयारी समेत गरिएको तिमिल्सीनाको भनाई छ । महोत्सवमा करिव १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने र कुल ३ करोडको कारोवार हुने आयोजकले लक्ष्य लिएको छ । महोत्सवमा प्रवेश शुल्क साधारणतर्फ ८० र विद्यार्थीहरुलाई ५० रुपैयाँ तोकिएको छ । पत्रकार सम्मेलनमा पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना र नवनिर्वाचित अध्यक्ष कमलराज तिमिल्सिनाले महोत्सव सफलताको शुभकामना व्यक्त गरे । उनीहरुले विगतमा अन्य संघसंस्थाहरुले आयोजना गर्ने मेला महोत्सव भन्दा फरक र रचनात्मक ढंगले गर्न आयोजकलाई सुझाव समेत दिए । कार्यक्रममा पत्रकारहरुले राखेका जिज्ञासाको समितिका संयोजक न्यौपानेले जवाफ दिएका थिए । संयोजक न्यौपानेको अध्यक्षता समितिका सदस्य विष्णु घिमिरेको स्वागत, अर्का सदस्य यज्ञमूर्ति तिमिल्सिनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मौसमी प्रतिकूलता : सतर्कता आवश्यक

**चिसो मौसम सुरु भएको छ । यो समयलाई हिउँदको मौसमको रुपमा पनि लिइन्छ । यो मौसम सुरु भएसँगै चिसो बढ्ने क्रम दिनप्रतिदिन बढ्दै गएको छ । देशका केही ठाउँहरुमा हिमपात समेत परेको छ । पश्चिम नेपालका पहाडी र हिमाली क्षेत्रमा पानी पर्नाका साथै हिमपात भइरहेको छ । हिउँद महिनामा यसो हुनुलाई अस्वाभाविक पनि मान्न मिल्दैन । समयचक्र अनुसार यस्तो हुनुपर्छ त्यो अन्यथा होइन । कहिले केही ढिलो र कहिले अलिक छिटो हुनु स्वाभाविक हो । यस वर्षको यो हिउँदे वर्षा र हिमपात अलिक छिटो भएको चाहिँ हो । मंसिर महिनादेखि जाडो सुरु हुने गर्छ । पुस र माघ महिनालाई सबैभन्दा बढी जाडो हुने महिनाका रूमा लिने गरिन्छ । त्यसैले पनि चिसो बढेर गएको छ ।**

**चिसोसँगै शरीरको तापक्रम घट्ने हुँदा कहिलेकाहीँ बढेको चिसोलाई शरीर अनुकुल बनाउन समय लाग्ने भएकाले समेत विभिन्न स्वास्थ्य समस्या बढ्न सक्ने चिकित्सकहरुको भनाई छ । त्यस्तै, जाडो मौसममा मानिसहरू आराम गर्न र आफ्नो शरीरलाई न्यानो राख्न घरभित्रै बस्न बढी रुचाउने हुँदा शारीरिक गतिविधि कम हुने र आवश्यक व्यायाम पनि नगर्दा शरीर निष्क्रिय भएका कारण समेत विभिन्न स्वास्थ्य समस्या निम्तिन सक्ने उनीहरुको भनाई छ । यो समयमा शीतलहर चल्नेगर्छ र कठोर जाडो हुन्छ । जाडोले कठाग्रिएर केही मानिसहरूको मृत्यु समेत हुने गरेको छ । मंसिर महिना नै अत्यधिक चिसो भएकाले यस वर्ष अझ बढी चिसो हुने संकेत देखिएको छ । जसले गर्दा अहिले नै सर्तकता अपनाउन आवश्यक छ ।**

**सामान्यतया हिउँदको झरी र हिमपात मंसिर महिनामा हुनेगरेको देखिँदैन तर यस वर्ष मंसिरको अन्तिम साता मै हुम्ला जुम्लातिर बाक्लो हिमपात भएको र अन्य क्षेत्रमा पानी परेको छ । पूर्वी नेपाल र राजधानी रहेको काठमाडौं उपत्यकामा भने हालसम्म पानी परेको छैन । घाम पनि अत्यन्तै मधुरो अवस्थामा लागेकाले चिसो छ । यो चिसोबाट बच्च अहिले नै बुद्धिमानीपूर्ण सावधानीका उपाय अपनाउनुपर्ने जरुरी छ ।**

### Opinion @ Social Network

संसारको सबै भन्दा सुन्दर चिज तिम्रो हेराइ हो
तिमीले जसरि हेर्छौ दुनियाँ र दुनियाँको मान्छेहरु त्यस्तै देखिन्छन् ।
*(अनिल भट्टराईको फेसबुक स्टाटस* https://www.facebook.com/Anil.Bhatrai )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीयतामा आत्मनिर्भर अर्थतन्त्र



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

भन्ने गरिन्छ अर्थतन्त्र कुनै पनि देशको रक्तसञ्चार हो । नेतृत्व वर्ग र सरकार सञ्चालकका लागि आर्थिक वृद्धि, समृद्धि र विकासको नारा र जनतामा आश्वासन बाड्ने आधार पनि हो । विकास, जनताको जीवनस्तर र दैनिकीमा सुधार तथा रोजगारी सिर्जना यसैको आधारमा हुने गर्दछ । यसैका आधारमा योजना तथा बजेटका कार्यक्रमहरु तय गरिन्छ तर राज्यको नयाँ सरचनाको विकाससँगै नेपालको विकास खर्च भन्दा चालु खर्चको अशं बढ्दै गएको देखिन्छ । तिव्र विकास र जनताको जीवनस्तर सुधारका लागि तय गरिएको नयाँ सरचना सञ्चालन र व्यवस्थापनका लागि सार्वजनिक खर्च अत्याधिक बढ्दै गएको र जसको कारण सार्वजनिक ऋणको अशं पनि बढ्दै गएको देखिन्छ । राज्य सञ्चालनकै लागि सार्वजनिक ऋण लिनु कुनै पनि देशको लागि उपयुक्त कदम हुँदै होइन । यो कुनै पनि देशको आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि सबै भन्दा घातक पक्ष हो । बलियो अर्थतन्त्र विनाको संघीयताको कुनै अर्थ नहुने कुरा संघीयता सञ्चालनको केहि वर्षकै अभ्यासबाट पुष्टि भैसकेको छ । संघीयता माथि उत्पन्न विभिन्न आशंका र प्रश्नहरु पनि यहि कारण उत्पन्न भैरहेको देखिन्छ । संघीय शाशन व्यवस्था नराम्रो पक्कै होइन तर यसलाई मितव्ययी र उत्पन्न व्यथिती र विकृतिको अन्त्य भने बनाउनु पर्ने देखिन्छ । संघीयता राजनीतिकर्मीको रोजगारीका लागि भन्ने धारणालाई रुपान्तरण गरि देश विकास र जनताको सुविधाको लागि हो भन्ने बनाउन जरुरी छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**संघीयता र नेपाल :** जनताको सेवा, सुविधा र अधिकारलाई संविधानमा नै आवश्यक व्यवस्था गरी सरकारका विभिन्न एकाईविच राज्य शक्तिको बाँडफाड गरि राज्य सञ्चालन गर्ने पद्धतीलाई संघीयता भनिन्छ । नेपालको संविधान २०७२ ले नेपालमा ७ प्रदेशसहितको संघीय राज्यलाई मुर्तरुप दिएको छ । जसमा ७५३ वटा स्थानीय तहहरु रहेका छन् । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरु संघीयता कार्यान्वयनमा सक्रियरुपमा लागेको देखिन्छ ।

विश्वका अन्य देशमा यो व्यवस्थालाई राज्यको आवश्यकताको आधारमा व्यवस्थित गर्दै लगेका कारण यस प्रकारको साशन व्यवस्थाबाट धेरै प्रगति गरेको देखिन्छ भने नेपालमा जनचाहना विपरीत सिमित स्वदेशी तथा विदेशी तत्वहरुको स्वार्थ पूर्तिका लागि स्थापित यस व्यवस्था माथि आलोचना र विरोधका स्वरमा दिनप्रती दिन वृद्धि हुँदै गएको देखिन्छ । यसलाई स्थापना कालमा नै व्यवस्थित गर्नका लागि आवश्यक कार्य विधि नभएकै कारण पनि यस माथि प्रश्न चिन्ह घडा भएको छ । सामार्थय, भूगोल र पहिचानका आधारमा प्रदेशको विभाजन गर्ने आधार तय त गरियो तर यसलाई व्यवस्थित गर्न आवश्यक कानुन र कार्य विधिको अभावमा कतै यो परीक्षण अवधिमै असफल हुने त हैन आशंका र प्रश्नहरु उत्पन्न भई रहेको देखिन्छ ।

> *संघीयता राजनीतिकर्मीको रोजगारीका लागि भन्ने धारणालाई रुपान्तरण गरि देश विकास र जनताको सुविधाको लागि हो भन्ने बनाउन जरुरी छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । संघीयता र नेपाल : जनताको सेवा, सुविधा र अधिकारलाई संविधानमा नै आवश्यक व्यवस्था गरी सरकारका विभिन्न एकाईविच राज्य शक्तिको बाँडफाड गरि राज्य सञ्चालन गर्ने पद्धतीलाई संघीयता भनिन्छ । नेपालको संविधान २०७२ ले नेपालमा ७ प्रदेशसहितको संघीय राज्यलाई मुर्तरुप दिएको छ । जसमा ७५३ वटा स्थानीय तहहरु रहेका छन् । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरु संघीयता कार्यान्वयनमा सक्रियरुपमा लागेको देखिन्छ । विश्वका अन्य देशमा यो व्यवस्थालाई राज्यको आवश्यकताको आधारमा व्यवस्थित गर्दै लगेका कारण यस प्रकारको साशन व्यवस्थाबाट धेरै प्रगति गरेको देखिन्छ भने नेपालमा जनचाहना विपरीत सिमित स्वदेशी तथा विदेशी तत्वहरुको स्वार्थ पूर्तिका लागि स्थापित यस व्यवस्था माथि आलोचना र विरोधका स्वरमा दिनप्रती दिन वृद्धि हुँदै गएको देखिन्छ । यसलाई स्थापना कालमा नै व्यवस्थित गर्नका लागि आवश्यक कार्य विधि नभएकै कारण पनि यस माथि प्रश्न चिन्ह घडा भएको छ । सामार्थय, भूगोल र पहिचानका आधारमा प्रदेशको विभाजन गर्ने आधार तय त गरियो तर यसलाई व्यवस्थित गर्न आवश्यक कानुन र कार्य विधिको अभावमा कतै यो परीक्षण अवधिमै असफल हुने त हैन आशंका र प्रश्नहरु उत्पन्न भई रहेको देखिन्छ । नेपालको अर्थतन्त्रको अवस्था : पछिल्लो समय नेपालको अर्थतन्त्रका अधिकांश सुचक सन्तोषजनक अवस्थामा रहेको देखिदैन । वैदेशिक ऋण तथा अनुदानको मात्रा बढ्दै गईरहेको देखिन्छ ।*

**नेपालको अर्थतन्त्रको अवस्था :** पछिल्लो समय नेपालको अर्थतन्त्रका अधिकांश सुचक सन्तोषजनक अवस्थामा रहेको देखिदैन । वैदेशिक ऋण तथा अनुदानको मात्रा बढ्दै गईरहेको देखिन्छ । ऋण लिएर ऋण तिर्नु पर्ने ऋण ग्रहस्थताको स्थितीमा नेपाल हिडिरहेको छ । मुद्रास्फितीको दर बढ्दै गएको छ । तत्कालीन आर्थिक समस्या समाधानका लागि यो महत्वपूर्ण रहेता पनि यसले हरेक क्षेत्र र पक्षमा भने नकरात्मक असर पर्ने गरेको देखिन्छ । आन्तरिक आम्दानीको स्रोतको खोजी नगर्दा दैनिक प्रशासनिक खर्चका लागि पनि वैदेशिक ऋण लिनु पर्ने अवस्थामा देशको अर्थतन्त्र पुग्ने हो की ? प्रश्न उत्पन्न गराएको देखिन्छ । हाल नेपालको वैदेशिक ऋणको अवस्था २४ खर्व भन्दा बढी रहेको र प्रति व्यक्ति हिसाव गर्दा यो ८२ हजार भन्दा बढी रहेको देखिन्छ भने ऋणको प्रमुख स्रोतको रुपमा विश्व बैंक र एसियाली विकास बैंक देखिन्छ जुन स्रोतबाट करीव ८० प्रतिशत भन्दा बढी नेपालले वैदेशिक ऋण लिने गरेको तथ्याकं भेटिन्छ । सोहि मात्रामा वैदेशिक अनुदान तथा सहायता पनि नेपालले विभिन्न द्विपक्षीय र बहुपक्षीय स्रोतबाट प्राप्त गरेको देखिन्छ तर यसको अर्थतन्त्रमा तथ्यांककिय महत्व देखिदैन । यसका साथै वैदेशिक मुद्रा प्राप्त गर्ने महत्वपूर्ण स्रोतको रुपमा लिईने वैदेशिक व्यापारको अवस्था पनि दयनियनै देखिन्छ । भारतसँग मात्रै करीब ८१ प्रतिशत भन्दा बढी व्यापार घाटा रहेको देखिन्छ । यसले नेपालको अर्थतन्त्रलाई थप परनिर्भता बढाउँदै लगेको देखिन्छ । वैदेशिक मुद्रा प्राप्तिको मूख्य स्रोत बनेको छ बिप्रेषण । यस्तो अवस्थामा थप व्यय भार सहितको संघीयता आर्थिक पक्षलाई हेर्दा अनुत्पादक नै बनेको देखिन्छ । केन्द्र सरकारको अनुदानमा सञ्चालित प्रदेशहरुको अर्थ के ?

**आत्मनिर्भर अर्थतन्त्र र संघीयता बलियो बनाउन के गर्ने ?**

- संघीयतामा देखिएको आर्थिक बेथितीको अन्त्य गर्ने ।
-वित्तीय अनुसाशन कायम गर्ने ।
-मन्त्रालय, मन्त्री, विशिष्ट, सासद, प्रदेश आदिको संख्या कटौती गर्ने ।
-अनावश्यक करारमा कर्मचारी भर्ने, राजनीतिक नियुक्तीमा नियन्त्रण गर्ने ।
-कार्यालय र कर्मचारी दरवन्दीमा पुर्नसंरचना गर्ने ।
-प्राकृतिक स्रोत साधन परिचालन नीति बनाउने ।
-बैदेशिक ऋण तथा अनुदान नीति बनाई यसलाई व्यवस्थित गर्दै लैजाने ।
-चालु खर्चमा कमी र पूँजीगत खर्च बढाउदै लाने ।
-स्थानीय तहहरुमा देखिएका बेथितीको अन्त्य गर्ने ।
-अधिक बेरुजु रकमको नियन्त्रण गर्ने ।
-विदेशी पर्यटक भित्र्याउन पहल गर्ने ।
-वन्द भएका उद्योगहरुलाई पुन: सञ्चालनमा ल्याउन सकिने ।
-औद्योगिकरणमा वैदेशिक लगानी भित्र्याउने ।
-घरेलु र परम्परागत उद्योगलाई आधुनिक तरिकाले सञ्चालन गर्ने ।
-सार्वजनिक खर्च कटौतीका लागि आवश्यक नीति बनाउने ।
-दैनिक औषतमा २ हजारको दरले विदेशीएका युवा शक्तिलाई देश भित्रै विकास निमार्णमा लगाउने
-कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्ने ।

**निष्कर्ष :** संघीयता आधुनिक साशन व्यवस्था सञ्चालनको रुप हो । यो आफै खराब साशन व्यवस्था हैन् । यसलाई सफल र मितव्ययी बनाउने जिम्मा राजनीतिक नेतृत्वको हो । यसकै कारण देशहरुले आफ्नो देशको विकासलाई देशको आवश्यकता र औचित्य हेरेर विकास र प्रशासनिक योजनाहरु बनाऔं, देशको संरचना अर्थतन्त्र र देशको भूगोल अनुसार बनाऔं । वैदेशिक ऋण र सहयोगमा देशको प्रशासन सञ्चालन गर्ने प्रवृत्तिको अन्त्य गरौं । अर्थतन्त्रलाई बलियो बनाउने क्षेत्रहरु खोजौं । खर्च मात्रै होइन आम्दानीका कुरा पनि गरौं । यसो भएमा देशलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ लान सकिने देखिन्छ भने संघीयताको पूर्ण कार्यान्वयन् र सफलता पनि हात पार्न सकिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :धैर्य र सावधान भई काममा लाग्नु असल हुन्छ ।काममा अडचन आउछ। | **तुला** :प्रतिकूल समय चल्दैछ । आर्थिक समस्याले सङ्कट उत्पन्न गर्न सक्छ । |
| **बृष** :असल समय छ । बरु सानातिना कामको झमेला आउनसक्छ । | **बृश्चिक** : तपाईं विरुद्ध काम गर्ने व्यक्तिहरू आफैं परास्त हुनेछन् । |
| **मिथुन** :फेरि पनि यात्राबाट मनले चाहे जस्तो सन्तुष्टि मिल्ने देखिन्न । | **धनु** :शरीर केही आलस्य हुनसक्छ । गरेका कामबाट सन्तोष मान्ने ठाउँ देखिन्छ |
| **कर्कट** : समय मध्यम छ । बिछोडको पीडाले मन बेचैन होला । | **मकर** :सामाजिक काममा संलग्न हुनुपर्ला । मेवा मिष्टान्न परिकार मिल्नेछ, । |
| **सिंह** : घरपरिवारबाट भरमग्दुर सहयोग प्राप्त हुनेछ । आत्मबल बढ्ने छ । | **कुम्भ** :दाजुभाइ वा नजिकका मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ। |
| **कन्या** : आज सबैका लागि प्रणयसम्बन्ध र रतिराग बढाउने समय हो, । | **मिन** :समय मध्यम खालको छ । पारिवारिक समस्याले मन खिन्न हुनेछ । |

# शिक्षा

## निमाविको लाइसेन्स परीक्षामा ११ हजार पास

शिक्षक सेवा आयोगले निम्न माध्यमिक तह (निमावि)को अध्यापन अनुमतिपत्र (लाइसेन्स) परीक्षाको नतिजा सार्वजनिक गरेको छ । गत मंसिर १५ गते सञ्चालन भएको लाइसेन्सको लिखित परीक्षामा सातै प्रदेशबाट एक लाख १९ हजार ६९९ जनाले परीक्षा दिएका थिए । जसमा १० हजार ९७४ जना मात्रै पास भएका छन् । जुन ९.१७ प्रतिशत हुन आउँछ ।




आयोगले सार्वजनिक गरेको नतिजा अनुसार कोशी प्रदेशबाट १८ हजार ६६२ परीक्षार्थीले परीक्षा दिएकोमा दुई हजार ८२ जना उत्तीर्ण भएका छन् । जुन ११.१६ प्रतिशत हुन आउँछ । त्यस्तै मधेस प्रदेशबाट १९ हजार ३० जनाले परीक्षा दिएकोमा एक हजार ४२१ पास भएका छन् । जुन ७.४७ प्रतिशत हुन आउँछ । बागमती प्रदेशबाट १४ हजार ३ जनाले परीक्षा दिएकोमा एक हजार ६८३ पास भएका छन् । जुन १२.०२ प्रतिशत हुन आउँछ । त्यस्तै गण्डकी प्रदेशबाट आठ हजार २२९ जनाले परीक्षा दिँदा ९२७ जना पास भएका छन् । जुन ११.२७ प्रतिशत हुन आउँछ ।

लुम्बिनी प्रदेशबाट २२ हजार ७९२ जनाले परी क्षा दिएकोमा दुई हजार ३१३ पास भएका छन् । जुन १०.१५ प्रतिशत हुन आउँछ । कर्णाली प्रदेशबाट २० हजार ४९८ जनाले परीक्षा दिएकोमा एक हजार ४४९ पास भएका छन् । जुन ७.०७ प्रतिशत हुन आउँछ । त्यस्तै सुदूरपश्चिम प्रदेशबाट १६ हजार ४८५ जनाले परीक्षा दिएकोमा एक हजार ९९ जना पास भएका छन् । जुन ६.६७ प्रतिशत हुन आउँछ ।

*-रातोपाटी डटकम*

## सामुदायिक विद्यालयमा पढाउने परिवारको नि:शुल्क स्वास्थ्य बिमा

पोखरा महानगरपालिका वडा नं १२ वासीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाएमा नि:शुल्क पारिवारिक स्वास्थ्य बिमाको सुविधा पाउने भएका छन् । वडा कार्यालयले सामुदायिक विद्यालयमा छोरछोरी पढाइरहेकाहरुको नि:शुल्क पारिवारिक स्वास्थ्य बिमा शुरु गरेको छ । सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन नि:शुल्क पारिवारिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ । वडाध्यक्ष सन्तोष बास्तोलाका अनुसार सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको शिक्षा र स्वास्थ्य दुवै नि:शुल्क हुनेछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरेर विद्यार्थी आकर्षण बढाउने प्रयास गरिरहेको उनले स्पष्ट पारे । शुरुआती चरणमा वडामा स्थायी बसोबास भएका र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका परिवारको नि:शुल्क स्वास्थ्य बिमा गरिदिने वडाध्यक्ष बास्तोलाको भनाइ छ । पोखरा-१२ मा अमरसिंह माध्यमिक विद्यालय,



शीतलादेवी सामुदायिक विद्यालय र सरस्वती आधारभूत विद्यालय छन् । यी विद्यालयमा करिब चार हजार तीन सय विद्यार्थी अध्ययनरत छन् । उनले भने, 'यो योजनाले सामुदायिक विद्यालयप्रतिको आकर्षण वृद्धि गर्नुका साथै वडावासीको स्वास्थ्यमा पहुँच समेत बढ्ने विश्वास छ ।' बिमा कार्यक्रमका लागि यस वर्ष १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । स्वास्थ्य बिमा कार्यक्रममा वार्षिक तीन हजार पाँच सय प्रिमियम तिरेर परिवारका पाँच जना सदस्यले एक लाख रुपैयाँ बराबरको स्वास्थ्य उपचार सुविधा पाउनेछन् । वडा सचिव शारदा सापकोटाका अनुसार बिमा कार्यक्रममा सहभागिताका लागि वडामा स्थायी बसोबास खुल्ने अभिभावकको नागरिकता, विद्यालयका सिफारिस र विद्यार्थी परिचयपत्रको प्रतिलिपिसहित निवेदन आह्वान गरिएको छ । यसैबीच वडाले सामुदायिक विद्यालयमा संस्कार शिक्षा पाठ्यक्रमुमेत लागु गरेको छ । कक्षा ७ र कक्षा ११ मा संस्कार शिक्षा लागु गरिएको बताइन्छ । साथै निजी विद्यालयमा पनि संस्कार शिक्षा लागु गर्न गृहकार्य भइरहेको वडाध्यक्ष बास्तोलाले बताए ।

*-हाम्रा कुरा डटकम*

## आयआर्जनसँग जोड्न विद्यार्थीलाई स्ट्रबेरी खेती

गोरखाको पालुङटार नगरपालिका-९, सेरास्थित त्रिवेणी माध्यमिक विद्यालयले विद्यार्थीलाई आयआर्जनसँग जोड्न स्ट्रबेरी खेती शुरुआत गरेको छ । विद्यालयले कृषि ज्ञानकेन्द्र गोरखाको सहयोगमा स्ट्रबेरी खेती गर्न थालेको प्रधानाध्यापक गणेशराज सेडाईले जानकारी दिए । 'यस वर्ष परीक्षणका रुपमा अहिले एक रोपनी क्षेत्रफल जमिनमा स्ट्रबेरी खेती शुरु गरिएको छ', उनले भने, 'उक्त जमीनमा करिब छ सय बिरुवा लगाइएको छ, यसबाट राम्रो उत्पादन भए थप जमिनमा स्ट्रबेरी खेती गर्ने योजना विद्यालयको छ ।' विद्यालयमा कक्षा ९ देखि १२ सम्मका कृषि धारका विद्यार्थी स्ट्रबेरीखेती गर्ने काममा जोडिएको उनको भनाइ छ । 'उत्पादनपछि बिक्री भएको आम्दानीको ६० प्रतिशत विद्यार्थीलाई



उपलब्ध गराउने विद्यालयले निर्णय गरेको छ', प्रधानाध्यापक सेडाईले भने, 'परीक्षण सफल भए आगामी वर्ष १० रोपनी क्षेत्रफल जमिनमा स्ट्रबेरीखेती गर्ने योजना विद्यालयको छ ।' स्थानीयस्तरमा अहिलेसम्म अन्यत्र स्ट्रबेरी खेती पनि नभएको र बजार मूल्य पनि राम्रो भएकाले विद्यालयले स्ट्रबेरीखेतीलाई प्राथमिकता दिएको उनको भनाइ छ । विद्यालयले कृषि धारमा अध्ययनरत विद्यार्थीलाई उत्पादनमा जोड्न करिब १० रोपनी खेत र आठ रोपनी पाखाबारी भाडामा लिएर धान, मकैलगायत बेमौसमी तरकारीखेती समेत गर्दै आएको छ । विद्यालयले गर्दै आएको कृषिखेतीबाट विद्यार्थीलाई किताबकापी खर्च, खानाखाजा तथा पोसाक किन्न सहज हुँदै आएको छ ।

*-रासस*

## विश्वविद्यालयमा मेरिटोक्रेसी

**डा.शान्तिकृष्ण अधिकारी**



नेकपा एमालेका महासचिव शंकर पोखरेलले उनको फेसबुक वालमा हालै राखेको एउटा पोष्ट शिक्षाक्षेत्रमा चासो राख्नेहरूका माझमा चर्चाको विषय बन्नपुगेको छ । मेरिटोक्रेसीका नाममा भइरहेको भद्दा नाटक शीर्षक दिएर राखिएको सो पोष्टको पूर्ण पाठ यस्तो छ : 'त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनौटलाई मेरिटोक्रेसीका आधारमा गरिएको भनेर खुबै प्रचार गरियो जबकि त्यति बेलाको सत्ताको नेतृत्व गरिरहेको माओवादीले आफू निकट व्यक्तिलाई भिसी बनाउने गरी प्रक्रिया अघि बढायो । सोही अनुसार माओवादी निकटका चित्रबहादुर बुढाथोकी र केशरजंग बराल एक र दुई नम्बरमा सिफारिश गरिए । योजना अनुरूप दुई नम्बरमा रहेका बराल भिसी बनाइए । सोही समयमा पूर्वाञ्चल विश्वविद्यालयमा पनि भिसी बनाइयो । त्यहाँ पनि सोही अनुसारको प्रक्रियाबाट सत्ता निकट व्यक्ति भिसी चुनिए । अनि त्यस चयनलाई पनि भनियो मेरिटोक्रेसी । यतिबेला त्रिभुवन विश्वविद्यालयका भिसी केशरजंग बराल मेरिटोक्रेसीका नाममा सोही समयको सत्ता गठबन्धनलाई नै प्रतिनिधित्व गर्नेगरी विश्वविद्यालयको प्राज्ञिक नेतृत्व चयन गर्ने योजनामा तल्लीन छन् ।त्यसलाई उनले मेरिटोक्रेसीको जामा लगाई दिएका छन् । अनि त्यही नाटकलाई उनी निकटका माओवादी समर्थकहरू धुवाँदार रूपमा पक्षपोषण र प्रशंसा गरिरहेका छन् । के साँच्चै त्रिभुवन विश्वविद्यालयका भिसी बराल मेरिटोक्रेसीमा हिँड्न चाहेको भए उनले छनौट कमिटीमा कसलाई राख्ने भन्ने कुरामा कुनै चासो वा हस्तक्षेप गर्ने थिएनन् । प्राज्ञिक नेतृत्वको जिम्मेवारीमा रहेका रेक्टरलाई छनौटको नेतृत्व दिन सक्थे वा प्राज्ञहरूको रोष्टर तयार गरेर लट्ठीका आधारमा छनौट समितिका सदस्य चयन गर्न सक्दथे तर उनले त्यो दुवै काम गरेनन् । आफूले चाहेको व्यक्ति छनौट हुनेगरी मापदण्ड तयार गर्न लगाए ।

विश्वविद्यालयमा एउटा निश्चित वैचारिक समूहलाई निषेध गर्ने गरी मेरिटोक्रेसीको भद्दा नाटक मञ्चन गरिरहेका छन् । यस प्रकारको क्रियाकलापले त्रिभुवन विश्वविद्यालय अघि बढ्ने होइन झन् धराशायी हुनेछ । त्यसैले मेरिटोक्रेसीका नाममा गरिएको भद्दा नाटक बन्द गरौं । सम्पूर्ण कामलाई खुला र पारदर्शी ढंगले विश्वविद्यालयको दीर्घकालीन हितलाई ध्यानमा राखेर अघि बढाऔं !! त्रिविको मेरिटोक्रेसीका सम्बन्धमा शंकर पोखरेलको यो भनाइ सार्वजनिक भएलगत्तै यसका बारेमा सकारात्मक र नकारात्मक प्रतिक्रिया बराबरै जस्तो आएका छन् । शंकर पोखरेल एक सामान्य व्यक्तिमात्रै भएका भए यस्ता पोष्टहरू अरूहरूले हाले झैं नै बिलाएर जान्थ्यो । पोखरेलले लेख्नुभन्दा धेरै अघिदेखि सयौं बुद्धिजीवीहरूले मेरिटोक्रेसीका बारेमा विचार पोखिरहेका छन् तर पोखरेलको भनाइलाई मात्रै चर्चामा ल्याइएको छ । यो किन भने उनी नेपालकै दोस्रो ठूलो राजनीतिक दलका महासचिव हुन् र उनले राखेको विचार भनेको उनको व्यक्तिगतमात्रै नभई एमालेकै भनाइका रूपमा लिइएको छ । यसको एउटा सकारात्मक पक्ष के हो भने राजनीतिक दलहरूले शिक्षाक्षेत्रलाई पूर्णरूपेण बेवास्ता गर्दै आइरहेका बेला प्रधानमन्त्रीकै दल एमालेका महासचिवबाट उच्चशिक्षाको दुई तिहाइभन्दा बढी भार बोकेको त्रिविका बारेमा चासो व्यक्त गरिएको छ । अन्तर्यमा जे भए पनि बाफयरुपमा त्रिवि सुनु पर्दछ र यसमा जथाभावी गरिनु हुँदैन भन्ने अभिमत राखिएको छ । साथसाथै विपक्षमा के भनाइ आएको छ भने पोखरेलद्वारा आएको विचार ठीक समयमा आएन र विश्वविद्यालयको निष्पक्षताका सन्दर्भमा स्वयं पोखरेल निष्पक्ष हुन सकेको देखिएन । प्रारम्भमा उपकुलपति केशरजंग बराल उपकुलपतिमा नियुक्त हुँदा नै वरियता मिचिएको थियो । त्यतिबेला खासै कुनै विरोध गरिएन, अहिले गरिएको छ । बरालले अन्य पदाधिकारीहरूका नियुक्तिका लागि छनौट समितिहरू बनाए, त्यतिबेला कुनै आवाज उठाइएन, अहिले उठाइएको छ । छनौट समितिले दिएको प्रतिवेदनलाई समेत अध्ययन गर्ने अर्को समिति निर्माण गर्दा पनि केही भनिएन । मेरिटोक्रेसीका नाममा उपकुलपति माओवादीको, शिक्षाध्यक्ष एमालेको र रजिष्ट्रार लोकतन्त्र पक्षधरको हुनुलाई पनि सहर्ष स्वीकार गरियो । मेरिटोक्रेसी भनेपछि भागबण्डा गरे जस्तै ट्याक्क मिलेर आउँछ र भनेर कसैले प्रश्न उठाएन । जब आ्ना पक्षधरहरू पछि पर्ने अवस्था आयो त्यतिबेला मात्रै विरोध जनाउनुले सकारात्मक सन्देश दिन मुस्किल पर्दछ । उपकुलपति बरालले अपनाएकै प्रक्रियाद्वारा त्रिविमा छजना परीक्षा सहनियन्त्रकहरू चयन गरिए । छवटामा चारजना आ्ना मान्छेहरू पर्दा उपकुलपति बराल एमालेका लागि टाउको दुखाइ भएनन् । वाम एकता भएकै सरी आनन्द मानेर सबैजना बसेको देखियो । जब डीनमा नियुक्ति गर्ने पालो आयो, त्यहाँ एमालेका समर्थक प्राध्यापकहरूले मौका नपाउने जस्तो देखिएपछि महासचिव पोखरेलको विज्ञप्ति आयो । यही विज्ञप्ति पहिले नै आएको भए सबैले पोखरेललाई स्याबासी दिने थिए तर बेला गुज्रिएपछिको हुँदा भनाइ सही नै भए पनि यसमा अन्धसमर्थन गर्न सबैलाई अप्ठेरो परेको छ । एमालेले पहिलेदेखि नै माछो देखे दुलोभित्र हात, सर्प देखे बाहिर भने जस्तै व्यवहार प्रदर्शन गर्दै आएको अनुभव सर्वत्र गरिएको छ । पोखरेलका भनाइमा एउटा वैचारिक संगठनलाई पूर्णत: बाहिर पार्नु किमार्थ स्वीकार्य नहुने विचार व्यक्त गरिएको छ तर नेपाल संस्कृत विश्वविद्यालयमा निवर्तमान उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव तीनजना नै एमाले समर्थकहरू मात्रै थिए भन्ने हेक्का राखेको पाइएन । अलि अघि झलनाथ खनाल प्रधानमन्त्री भएका बेलामा समेत प्रजातन्त्रवादी प्राध्यापकहरूको सिलो नभिटिने भैं गरी सर्वत्र एकलौटी नियुक्ति गरिएको कुरा पनि भुले जस्तै लागेको छ । विगतमा यस्तो भएको थियो भनेर अब सच्चिन नपाइने भन्ने हुँदैन । त्यसैले विश्वविद्यालयमा सन्तुलन नगुमोस् भन्दै आएको पोखरेलको भनाइलाई बेवास्ता भने गर्न हुँदैन नै । त्रिविको सहनियन्त्रक नियुक्तिका क्रममा विद्यावारिधि नगरेका प्राध्यापकले डाक्टर लेखेर आवेदन हाले, छनौट समितिले त्यसैलाई मान्यता दियो । छनौट समितिले आवेदन केलाउँदा प्रमाणहरू निश्चय नै हेरेको हुनुपर्ने हो तर त्यतिकै हावादारी रूपमा निर्देशन बमोजिम चयन गरेजस्तै देखियो । अन्य कुरामा जेजस्तो भए तापनि यो प्रकरणले महासचिव पोखरेलले भने जस्तै मेरिटोक्रेसीको भद्दा नाटक मञ्चन गरेको पुष्टि हुनपुगेको छ । विश्वविद्यालयमा मेरिटोक्रेसीले नै स्थान पाउनुपर्ने हो तर भइरहेका कार्यहरूले भने यसको अन्त्य हुनुपर्ने दिशातर्फ जोड पुऱ्याइरहेका छन् । मेरिटोक्रेसीको नाम दिएपछि छनौट समितिले सिफारिश गर्दा मेरिटकै आधारमा गर्नुपर्ने हो । मेरिटका आधारमा तीनजना चयन गर्ने तर सिफारिश भने नामको वर्णानुक्रमका आधारमा गर्ने भन्नुले नै त्रिविका पछिल्ला प्रक्रियाहरूमा शंका गर्ने ठाउँ पर्याप्त छन् । त्यसरी गरिएको सिफारिशमा आफ्नो स्वार्थ हेरेर कतै पहिलो नम्बरकालाई अनिवार्य नियुक्ति दिनुपर्ने भन्ने र कतै तीनजनाभित्रबाट जसलाई पनि ल्याउन सकिने भनिनुले पनि पोखरेलले भने जस्तै मेरिटोक्रेसीको भद्दा मजाक उडाएकै छ । यसमा सबै सचेत भई सुधार गर्न अत्यावश्यक देखिन्छ । महासचिव पोखरेलले विज्ञहरूको रोष्टर तयार गरी त्यही रोष्टरबाट चिठ्ठा प्रणालीद्वारा विज्ञहरू चयन गरेको भए हुने थियो भनेका छन् । यो सर्वस्वीकार्य विचार हो तर यस्तो महत्वपूर्ण ज्ञान भएका पोखरेलले विश्वविद्यालयका उपकुलपतिहरू चयन गर्न गठन गरिने सिफारिश समितिमा पनि यही प्रक्रिया अपनाउन कुलपति एवं प्रधानमन्त्रीलाई किन सल्लाह दिएनन् भन्ने प्रश्न पनि उब्जिएको छ । प्रधानमन्त्री तथा कुलपतिले अपनाएकै प्रक्रिया उपकुलपतिले अनुसरण गर्दा एउटाको ठीक र अर्कोको बेठिक भन्न अलि मिल्दैन कि भन्ने पनि चर्चा चलेको छ । जे होस्, कतै ढिलो भइसकेको भए पनि कतैका लागि भने महासचिव पोखरेलको भनाइ सही समयमै आएको छ । मुलुकका तीनवटा विश्वविद्यालयमा उपकुलपति चयन गर्ने काम हुँदैछ । सिफारिश समितिहरू गठन गरिएको भए तापनि यसको नेतृत्व प्रधानमन्त्री र शिक्षामन्त्रीकै हो । प्रधानमन्त्री र शिक्षामन्त्री एमालेकै भएका कारण शक्तिशाली महासचिवका विचार यो प्रक्रियामा लागू गरिँदैन भन्ने अविश्वास कसैले गर्दैन । अहिलेका सिफारिश समितिहरूले पनि मेरिटोक्रेसीकै प्रक्रिया अपनाएका छन् र यतिको सचेत महासचिव भएका बेला यी समितिहरूले पनि मेरिटोक्रेसीको भद्दा मजाक नउडाउन् भन्ने अपेक्षा गरिएको छ । कुनै समूह पूरै रित्तो हुने र पदाधिकारीहरूमा कुनै समूहकाले मात्रै पाउने भन्ने कुरामा गरिएको विरोधमा चाहिँ विवेक पुऱ्याउन जरुरी छ । समूह समेट्ने नाममा करारका प्राध्यापकहरूलाई विगतमा क्याम्पस प्रमुख बनाए भैं अहिले पनि माथिल्लो पद दिने काम भने किमार्थ गर्नु हुँदैन । कतिपय प्राध्यापकले छनौट वा सिफारिश समितिलाई गलत सूचना भरी झुक्याउन खोजेको छन् भने त्यस्ता प्राध्यापकहरूको नाम सार्वजनिक गर्ने हिम्मत गर्नैपर्दछ जसले भोलिका दिनमा सहज होस् । नेपाली कांग्रेसका कोही नेता बोलेका छैनन्, माओवादीका त यसै बोल्ने नै भएनन् । उच्च शिक्षामात्रै नभई समग्र शिक्षाक्षेत्र नै छायाँमा पर्दै गएका बेला शक्तिशाली पार्टीका महासचिवले यति भए पनि बोल्नु प्रशंसनीय कार्य हो । आशा गर्ने यतिमात्रै हो कि शिक्षाक्षेत्रलाई राजनीतिक दलहरूको क्रीडामैदान नबनाउने कार्यमा पनि यस्तै प्रयास आगामी दिनमा होस् र यसमा महासचिव पोखरेलको यस्तै चिन्ता र चिन्तन कायम रहोस् । भागबण्डा होइन कि योग्य र दक्ष प्राध्यापकहरूले स्थान पाउने स्थल विश्वविद्यालयहरू बनून् ।

*-इहिमालय टाइम्स डटकम*

